# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# राप्तीसोनारी गाउँपालिका, बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या:- २०७६/७७
च.नं : ४१

मिति: २०७७/३/२४

श्री अध्यक्ष ज्यू,
राप्ती सोनारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

२०७७।३।२४

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड,वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता पर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २९ गते ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रादेशिक लेखापरीक्षण प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम लेखापरीक्षण महानिर्देशनालय)**


पत्र संख्या : २०७७।७८
च.नं :४१

मिति: २०७७।३।२४

श्री अध्यक्ष ज्यू,
राप्ती सोनारी गाउँपालिका,
बाँके ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ०४ लाख ८६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड २६ लाख २ हजार नियमित गर्नुपर्ने रु.५६ लाख १३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ९८ लाख ४५ हजार र पेश्की बाँकी २४ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।०५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना **२७** (सत्ताइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार

हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्य तया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७८/३/२४

(चन्द्रकान्त भण्डारी)
नायवमहालेखापरीक्षक

# राप्ती सोनारी गाउँपालिका, बाँके

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । ५ नं. प्रदेशमा अवस्थित यो गाउँपालिका अन्तर्गत वडा ९, १०४१.७३ वर्ग कि.मी.क्षेत्रफल र ५९९४६ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोष :**आर्थिक वर्ष २०७५।०७६ स्थानीय संचितकोषको आयव्ययको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | **३२७६३५१९४.९९** |
| | क) नगद | | | क | सशर्त चालु खर्च | १९१००७२१८.४८ | |
| | ख) बैंक | **५३७९१८७१.२८** | **५३७९१८७१.२८** | ख | गा.पा.चालु खर्च | १३२६८२९७६.५१ | |
| २ | **राजस्व (आन्तरिक आय) जम्मा** | | **८१९८४७८१.३६** | ग | विशेष अनुदान खर्च | २७००००.०० | |
| | क) आन्तरिक राजस्व | ४८८०६७५.०० | | घ | ग) समपूरक अनुदान फिर्ता खर्च | ९७००००.०० | |
| | ख) राजस्व बाँडफाँड | ७५४११८९०.०० | | ङ | अन्तर तहबाट प्राप्त (युनिसेफ)फिर्ता | २७०५०००.०० | |
| | ग) अन्य आय | १६९२२१६.३६ | | क | गा.पा.पूँजीगत खर्च | २२१२०५२५६.०० | |
| ३ | **वित्तीय हस्तान्तरण संघिय सरकार** | | **५०१६१९३०१.९०** | ख | सशर्त पुजिगत खर्च | १२५२३६५.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | १६४७०००००.०० | | २ | **पूँजीगत खर्च जम्मा** | **२२२४५७६२१.००** | **२२२४५७६२१.००** |
| | ख) सशर्त अनुदान | २१७३५००००.०० | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | ग) समपूरक अनुदान | | | ४ | क) ऋण भुक्तानी | | |
| | घ) राजश्व वाडफाड | ११९५६९३०१.९० | | ५ | **ख) ब्याज भुक्तानी** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **२२१७४४५१.८४** | ६ | **ग) संघिय सरकार शसर्त निकासा फिर्ता** | **२५०९०४१६.५२** | **२५०९०४१६.५२** |
| | क)वित्तीय समानीकरण अनुदान | ४८९८०००.०० | | ७ | **घ) प्रदेश सरकार शसर्त निकासा फिर्ता** | **२८१५२४६.००** | **२८१५२४६.००** |
| | ख) सशर्त अनुदान | ९६०००००.०० | | ८ | ऋण लगानी | | |
| | ग) समपूरक अनुदान | ९७००००.०० | | ९ | **शेयर लगानी** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | २७००००.०० | | १० | अन्य लगानी | | |
| | ङ) राजश्व बाडफाड | ६४३६४५१.८४ | | ११ | धरौटी फिर्ता | १४२३२८९७.०० | १४२३२८९७.०० |
| ५ | अन्तर स्थानीय तहबाट (युनिसेफ)प्राप्त | २७०५०००.०० | २७०५०००.०० | १२ | कोष खर्च | १२०२७४५९३.२४ | १२०२७४५९३.२४ |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | मौज्दात | | |
| | क) ऋण प्राप्ति | | | १२ | क) नगद मौज्दात | | |
| | ख) साँवा प्राप्ति | | | १३ | ख) बैंक मौज्दात तर्फ | | १०२४६७८३४.०० |
| | ग) ब्याज प्राप्ति | | | १४ | संचित कोष खाता | ८४२७६९२७.८७ | |
| | घ) अन्य प्राप्ति | | | १५ | धरौटी खाता | ३५९८६७.०० | |
| ७ | विभिन्न कोषतर्फको आय | १३८१०५६३२.३७ | १३८१०५६३२.३७ | १६ | कर्मचारी कल्याण कोष खाता | १५०००००.०० | |
| ८ | जनसहभागिता (नगद) | | | १७ | विपत व्यवस्थापन कोष खाता | ८२४३७३४.०० | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | १८ | विभाज्य कोष खाता | ८०८७३०५.१३ | |
| १० | धरौटी आय | १४५९२७६४.०० | १४५९२७६४.०० | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | जम्मा | ८१४९७३८०२.७५ | ८१४९७३८०२.७५ | | जम्मा | ८१४९७३८०२.७५ | ८१४९७३८०२.७५ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | **वित्तिय लेखापरिक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् :** | |
| १. | **लेखापरीक्षणको क्रममा असूली:** राजश्व आम्दानी गरेको रु.१८८५००।०० र सो को जरिबाना समेत रु.२३१०८०।०० लेखापरीक्षणबाट औंल्याए पछि दाखिला गरेको प्रमाण पेश भएको छ । | |
| २. | **प्रोदभावी लेखा :** गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्नेमा सो अनुसार लेखा राखेकाले वित्तिय विवरणले वास्तविक सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।अत: प्रोदभावी लेखाप्रणाली अबलम्बन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादात्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार कार्य गरेको छैन । अत: तोकिएअनुरुपको प्रक्रिया मिलाइ कार्यक्रम तयार गर्नुपर्दछ । | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | |
| ५. | **कर तथा आन्तरिक स्रोत :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५४ बमोजिम गाउँपालिकाको वित्तिय अधिकार क्षेत्रमा कानून बमोजिम वाहेक गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने उल्लेख छ । सोही ऐनको दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष आन्तरिक राजश्व रु.४८८०६७५।०० आन्तरिक आय कर, दस्तुर सहित असूली गरेको देखिन्छ । ऐन वनाई राजपत्रमा प्रकाशन नहुँदै कर दस्तुर समेत असूल गर्नु कानून सम्मत देखिएन । अत: कानून बनाई असुल गर्ने परिपाटी विकसित गर्नुपर्दछ । | |
| ६. | **योजना वनाई कार्यान्वयन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाएको देखिएन । अत: योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ७. | **स्थानिय राजस्व परामर्श समिति :** स्थानिय सरकार संचालन ऐनको दफा ६५ बमोजिम गाउँपालिकामा राजस्व सम्वन्धी परामर्शको लागि स्थानिय राजस्व परामर्श समिति रहने व्यवस्था अन्तर्गत राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । सोही ऐनको दफा ६५(२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकेको देखियो । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, | |

| | | |
|---|---|---|
| | राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्वन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| ८. | **स्रोत अनुमान र  बजेट निर्धारण समिती** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा श्रोत अनुमान र वजेट निर्धारण समिति गठनको प्रावधान बमोजिम समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । त्यस्तै ऐनको दफा ६६(३) मा श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भएतापनि समिति गठन पश्चात ति समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | |
| | **नियमिततातर्फको लेखापरिक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् :** | |
| ९. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष गाउँकपालिकाको प्रमुखबाट प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ । | |
| १०. | **बक्यौता रकम असुली**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण नराखेकोले वक्यौता हिसाव राखि अद्यावधिक गर्नु पर्दछ । | |
| ११. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १२. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउँपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः गाउँसभामा पेश गर्नुपर्दछ । | |
| १३. | **नक्सा पास :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । गाउँपालिकाले नक्सा पास गराई भवन निर्माण गराउने तर्फ थप पहल गरिनु पर्दछ । | |
| १४. | **चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो | |

| | | |
|---|---|---|
| | अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेमा पेश गरेको देखिएन । | |
| १५. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १६. | **आन्तरीक नियन्त्रण प्रर्णाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने र उपदफा ३ बमोजिम आन्तिरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नका लागि नगरप्रमुखले व्यवस्था मिलाउनुपर्ने उल्लेख गरेको भएतापनि आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरेको देखिएन । तसर्थ देहाय बमोजिमको व्यवस्थाद्धारा आन्गारिक नियन्त्रण एवं परिचालन गरिनुपर्दछ ।<br>● पुराना मालसमानको मूल्य नखुलेको,<br>● जिन्सी मालसमानको लिलाम/मर्मत नभएको<br>● पेश्की समयमा फछ्र्यौट नगरेको<br>● उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको<br>● वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८)<br>● सवारी साधनको लगबुक रीतपूर्वक नराखेको<br>कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १७. | स्थानीय तहबाट संचालन गरिने कार्यक्रम तथा स्थानीय तहले विभिन्न कार्य सम्पादनको लागि गरिने प्रशासनिक कार्यहरु सम्पादन गर्ने सन्दर्भमा देहाय अनुसार गरिने पर्ने देखिएको छ : | |
| १७.१. | स्थानीय तहको कोषबाट कानून विपरित हुने गरी विभिन्न व्यक्ती तथा संस्थाहरुलाई आर्थिक सहायता वापतको रकम तहाँ गाउँपालिकाबाट समेत वितरण गरिएको हुँदा जनताका आधारभुत आवश्यकता सम्बोधन हुने गरी प्राथमिकता प्राप्त कार्यक्रमहरुमा नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ को मर्मअनुसार मापदण्डका आधारमा स्थानीय कोषको प्रयोग एवं परिचालन हुनुपर्ने देखिन्छ। | |
| १७.२. | गाउँपालिकाका पदाधिकारीहरुले कानूनद्वारा प्रदत्त अधिकार क्षेत्र नाघेर निर्णयहरु गर्ने गरेको। जस्तो वडा अध्यक्षले विभिन्न समझौतापत्रमा हस्ताक्षर, कर्मचारीको भ्रमण आदेश स्वीकृत, भुक्तानीको लागि तोक आदेश जस्ता अधिकारहरुको प्रयोग गर्ने गरेको पाईयो। कानूनले कर्मचारी संयन्त्रमार्फत सम्पादन गर्न व्यवस्था गरेका बिषयहरु पनि जनप्रतिनिधिले सम्पादन गर्ने तथा कानून नबनाई मौखिक आदेशको भरमा कार्य संचालन गर्ने कार्यको अन्त्य गरी नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ को मर्म अनुसार आवश्यक कानून बनाई कार्य संचालन गर्नुपर्दछ। | |

| | | |
|---|---|---|
| १७.३. | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ अनुसार वास्तविक सरोकारवाला स्थानीय वुद्दिजिवी, विज्ञहरु एवं सीमान्तकृत वर्गको सहभागिता गराई स्थानीयस्तरमा योजना तर्जुमा, बजेट विनियोजन र कार्यान्वयन गर्नुपर्नेमा सो नगरी सीमित वर्गको मात्र पहुँच पुग्ने गरी आ-आफ्ना योजना छनौट गर्ने र उपभोक्ता समितिमा समेत तीनै व्यक्तीहरु रहेको देखियो।यस तर्फ गाउँपालिकाले उचित ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.४. | विकास निर्माणका कार्यहरुमा एउटै कामलाई दोहोरो पर्नेबाट रोक्न गाउँपालिकाबाट कुनै पहल गरेको देखिएन।कार्यक्रम छनौट गर्दा देखि नै दोहोरो नहुने सुनिश्चित गरी योजना छनौट, कार्यान्वयन र खर्च प्रणाली व्यवस्थित हुनेपर्ने एवं आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरणका लागि थप पहल गर्नुपर्ने देखिन्छ. | |
| १७.५. | स्थानीय तहबाट संचालन हुने आयोजनाहरुमा उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोक्ताहरुको भेला नगराई सीमित व्यक्तिको स्वार्थ सिद्द हुने गरी निर्वाचित पदाधिकारीकै निर्देशन र पहलमा समिति गठन हुने प्रचलनको अन्त्य गरी योजनाको अनुगमन र मूल्याँकन गर्नुपर्ने पदाधिकारी तथा जनप्रतिनिधीहरु, सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीहरु उपभोक्ता समितिको पदाधिकारी नहुने व्यवस्था मिलाउनुपर्ने। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न भएको योजना मर्मत संभार तथा रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने तथा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने योजनाहरुमा संचालन, मर्मतसम्भार तथा स्वामित्व हस्तान्तरणसम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख नगरिएको हुँदा सोको व्यहोरा समेत सम्झौतामा नै उल्लेख गरी उपभोक्ता समितिहरुलाई_अविच्छिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था गर्ने तर्फ गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ। | |
| १७.६. | कानूनले तोकेको प्रक्रिया पुरा नगरी उपभोक्तालाई पेश्की प्रदान गर्ने गरेको देखियो सो तर्फ समेत गाउँपालिकाले आवश्यक ध्यान दिनुपर्ने देखियो।साथै ठूलो रकम पेश्की लिई समायमा योजना सम्पन्न नगर्ने उपभोक्ता समिति तथा ठेकेदारहरुलाई अविलम्ब प्रचलित कानून अनुसारको कारवाही गरी योजना तुरुन्त सम्पन्न गर्न लगाउने वा सम्झौता तोडी अन्य विकल्पबाट योजना सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.७. | उपभोक्ता समिति मार्फत हुने गरेका स्थानीय पूर्वाधार निर्माणमा कानून विपरित हेभि इक्युपमेन्ट प्रयोग गरेको पाईयो। प्रतिस्पर्धा गराई ठेक्का मार्फत गर्नुपर्ने कतिपय कामहरु समेत उपभोक्ता समितिमार्फत कार्य गराएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११,१२ र १३ (क) को पूर्ण पालना हुनुपर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.८. | सार्वजनिक निर्माण कार्यमा कार्य प्रकृति अनुसारको प्रयोगशाला परीक्षणबाट तोकिएको गुणस्तर प्राप्त गर्ने सम्बन्धमा सम्झौतामा नै स्पष्ट उल्लेख गर्ने तथा योजनाको फरफारक गर्दा प्रयोगशाला परीक्षण प्रतिवेदन तथा स्थलगत नापजाँच एवं गुणस्तरको मापन अनिवार्य संलग्न गर्नुपर्ने व्यवस्था गर्ने। | |
| १७.९. | लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रम सम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभुत तथ्याँक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा/ उपकरणहरुसहितको कार्यक्षेत्रगत शर्त (TOR) बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान स्वीकृत गर्नुपर्नेमा बजेटका आधारमा संस्था तथा गाउँपालिकास्तरीय विभिन्न सञ्जालहरु गठन गरी रकम भुक्तानी दिएको र | |

| | | |
|---|---|---|
| | पारदर्शी रुपमा संस्था छनौट नगरेको देखिएको हुँदा यसको न्युनिकरण गरी ऐन नियमको अधिनमा रहेर मात्र कार्यक्रमहरु संचालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.१०. | गाउँपालिकाले विभिन्न कामको प्रयोजनको लागि भनि सवारी भाडामा लिएको देखियो। स्वीकृत दररेटको आधारमा निश्चित समयका लागि मात्र भाडामा लिनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.११. | राजश्व व्यवस्थापनको लागि तयार गरिएका स्वीकृत म.ले.प. फारामहरुको प्रयोग नगरेको एक आ.व.मा आम्दानी गरिएको रकमको एकिकृत विवरणहरु तयार नगरिएको वडागत तथा पालिकागत राजश्वकलाई थप व्यवस्थित गर्नुपर्ने तथा जिन्सी व्यवस्थापनमा का सम्बन्धमा गाउँपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ।कार्यालयबाट आ.व २०७५।०७६ मा गरिएका सम्पूर्ण निर्माण कार्यहरुको Design Drawing तयार नगरी सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेको Standard Bidding Document को आधारमा Bid Document तयार गर्नुपर्नेमा सोको पालना गरेको देखिएन।साथै निर्माणकार्यको लागत अनुमान तयार गर्दा विमा, ल्याव टेष्ट सम्बन्धी प्रावधानहरु समावेश नराखी सोझै सम्झौता गरेको देखियो।... | |
| १७.१२. | योजना तुरुन्त सम्पन्न गर्न लगाउने वा सम्झौता तोडी अन्य विकल्पबाट योजना सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.१३. | उपभोक्ता समिति मार्फत हुने गरेका स्थानीय पूर्वाधार निर्माणमा कानून विपरित हेभि इक्युपमेन्ट प्रयोग गरेको पाईयो। प्रतिस्पर्धा गराई ठेक्का मार्फत गर्नुपर्ने कतिपय कामहरु समेत उपभोक्ता समितिमार्फत कार्य गराएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११,१२ र १३ (क) को पूर्ण पालना हुनुपर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.१४. | सार्वजनिक निर्माण कार्यमा कार्य प्रकृति अनुसारको प्रयोगशाला परीक्षणबाट तोकिएको गुणस्तर प्राप्त गर्ने सम्बन्धमा सम्झौतामा नै स्पष्ट उल्लेख गर्ने तथा योजनाको फरफारक गर्दा प्रयोगशाला परीक्षण प्रतिवेदन तथा स्थलगत नापजाँच एवं गुणस्तरको मापन अनिवार्य संलग्न गर्नुपर्ने व्यवस्था गर्ने। | |
| १७.१५. | लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रम सम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभुत तथ्याँक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा/ उपकरणहरुसहितको कार्यक्षेत्रगत शर्त (TOR) बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान स्वीकृत गर्नुपर्नेमा बजेटका आधारमा संस्था तथा गाउँपालिकास्तरीय विभिन्न सञ्जालहरु गठन गरी रकम भुक्तानी दिएको र पारदर्शी रुपमा संस्था छनौट नगरेको देखिएको हुँदा यसको न्युनिकरण गरी ऐन नियमको अधिनमा रहेर मात्र कार्यक्रमहरु संचालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.१६. | गाउँपालिकाले विभिन्न कामको प्रयोजनको लागि भनि सवारी भाडामा लिएको देखियो। स्वीकृत दररेटको आधारमा निश्चित समयका लागि मात्र भाडामा लिनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७.१७. | राजश्व व्यवस्थापनको लागि तयार गरिएका स्वीकृत म.ले.प. फारामहरुको प्रयोग नगरेको एक आ.व.मा आम्दानी गरिएको रकमको एकिकृत विवरणहरु तयार नगरिएको वडागत तथा पालिकागत राजश्वकलाई थप व्यवस्थित गर्नुपर्ने तथा जिन्सी व्यवस्थापनमा का सम्बन्धमा गाउँपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ। | |
| | **कार्यक्रम/योजना संचालनको लेखापरिक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन् :** | |
| १८. | **लक्ष्य प्रगतिको स्थिति :** चौमासिक प्रगती विवरण पेश गरि समिक्षा गर्नुपर्नेमा कार्यालयले | |

सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार नगरेकाले प्रगति समिक्षा भएको देखिएन ।

१९. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागीतामूलक, उत्पादकमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ । गाउसभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७५।७६ को अध्यापन गर्दा गाउँपालिकाले स्वीकृत गरी संचालन गरेको अधिकांश योजना न्यून वजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेको योजना देहाय अनुसार छन :

| योजना संख्या | रु. १ लाख सम्म | रु. १ लाखदेखि २ लाखसम्म | रु. २ देखि ३ लाखसम्म | रु. ३ देखि ४ लाखसम्म | ४ देखि ५ लाखसम्म | ५ देखि १० लाखसम्म | १० लाखभन्दा माथि |
|---|---|---|---|---|---|---|---|
| ३६५ | २३ | ६४ | ५६ | ४० | ५२ | ७४ | ५६ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना मध्ये घटि अर्थात रु. १ लाख सम्मका योजना २३ वटा र वढिमा रु. १० लाख भन्दा बढि लागतका योजना ५६ वटा कार्यान्वयन गरेको विवरण पेश भएको छ । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिको कार्यमा बढि खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

२०. **उपभोक्ता समिति दर्ता –** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त  हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

२१. **मर्मत सम्भार कोष –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने  व्यवस्था रहेको छ । साथै  नगर/गाउँपालिकाले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने उल्लेख भए/नभएकोले सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

२२. **निर्माण कार्यको गुणस्तर–** नगर/गाउँ कार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत्

निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । नगर/गाउँपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

२३. **सोझै खरिद:** सार्वजनिक खरिद नियामवली,२०६४ को नियम ८५ बमोजिम सार्वजनिक निकायले रु ५ लाखसम्मको मालसामान सोझै खरिद गर्नसक्ने र नियम ८४ बमोजिम रु ५ लाख भन्दा माथी रु २० लाख सम्मको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तपसिल बमोजिमको कार्यको लागी सरकारी निकाय, समिति, वोर्ड पुजिगत सःशर्त अनुदान (विपद तथा प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गरि खर्च गर्ने) बाट निम्नानुसारको रकम खर्च लेखेको पाईयो :-

| भौ.नं, मिती | विवरण | रकम |
|---|---|---|
| २३९/२०७५/०९/२५ | Environmental works and services Pvt. Ltd. | 468950 |
| | Raj engineering consultant Pvt. Ltd. | 463300 |
| | Environmental works and services Pvt. Ltd. | 497370 |
| | Alpine Consultancy Pvt. Ltd | 496190 |
| | जम्मा | 1925810 |

२४. **योजना अनुगमन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६(४ख५) मा गाउँपालिकाको उपाध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष योजनासंचालन गर्दा जनप्रतिनिधि तथा कर्मचारीहरुको टोली बनाई अनुगमन गरेको देखियो । विभिन्न योजनामा अनुगमन गरेवापत अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य, प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख, स्टोरकिपर, वडा सचिवलाई भुक्तानी गरिएको छ । यस्ता धेरै जना संलग्न भएर गरिने अनुगमन वस्तुपरक नदेखिएको केवल भुक्तानी दिन मिल्ने नमिल्ने सिफारिस गरेको, कार्यान्वयका कमिकमजोरी औल्याएर भविष्यलाई मार्गदर्शन हुने खालको प्रतिवेदन तयार नगरेकोले गाउँपालिकाको अनुगमन व्यवस्था प्रभावकारी देखिएन । साथै कानूनमा व्यवस्था गरे बमोजिमको अनुगमन प्रणाली क्रियाशिल नगराउँदा जिम्मेवारी र जवाफदेहिता कमजोर रहेको देखिन्छ । तसर्थ कानूनवमोजिम चुस्त अनुगमन संयन्त्र बनाई खास मापदण्ड र अनुगमन सूचकांक आधारमा आवश्यकता र औचित्यता देखिने गरी नतिजामुखी अनुगमनलाई कार्यालयले विशेष ध्यान दिनु पर्दछ ।

२५. **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ५ को प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार राप्तिसोनारी गाउँपालिकाले देहायबमोजिम रु..७,९३०,२००.०० ।- सुविधा बापत भुक्तानी गरेको छ ।

| सि.नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष ९..जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३२ जना | जम्मा मासिक | जम्मा बार्षिक |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०,००० | २७,००० | १८०,००० | ७२,००० | २२४,००० | ५३३,००० | ६,३९६,०००.०० |
| ३ | बैठक भत्ता ( बैठक संख्याको आधारमा) | ८,४०० | ८,४०० | ७५,६०० | ५०,४०० | २२,४०० | १६५,२००. | १,४८६,८००.०० |
| ६ | अनुगमन भत्ता ( मासिक) | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० | ७,९०० | ४७,४००.०० |
| | जम्मा | ४०२०० | ३७००० | २५७१०० | १२३९०० | २४७९०० | ७०६१०० | ७९३०२०० |

२६. **पदाधिकारी सुविधा** :- प्रदेश नं. ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने उल्लेख छ । पालिकाको कार्यपालिकाको निर्णयले कानुनी सल्लाहाकार र प्रेस सल्लाहाकार राखी तपसिल बमोजिमको खर्च लेखेकोमा ऐन विपरितको सुविधा भुक्तानी गरेको रु.... ६०६०००.००

| भौ.नं. र मिति | विवरण | नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| विभिन्न भौचर नं. र मिति | स्वकीय सचिव | सन्तोष चौधरी | २८२०००।०० | |
| | सञ्चार सल्लाहकार | अर्जुन ओली | १४४०००।०० | |
| | कानुनी सल्लाहकार | गणेशप्रसाद थारु | १८००००।०० | |
| जम्मा | | | ६०६०००।०० | |

२७. **वडा अध्यक्ष र सदस्यलाई खर्च भुक्तानीः** स्थानीय सरकार संचालन ऐन को दफा १६ को उपदफा ४(ग) बमोजिम वडा अध्यक्षको काम, कर्तव्य र अधिकार तोकिएको देखिन्छ । जसमा वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गरी गराई स्वीकृतिको लागि नगरपालिकामा पेश गर्ने, वडाबाट कार्यन्वयन भएका योजनाको अनुगमन तथा आवाधिक समीक्षा गर्ने गराउने, सिफारिस प्रमाणित गर्ने जस्ता कार्यहरु तोकेको छ । केही नमूना भौचरको परीक्षण गर्दा वडा अध्यक्षहरुले पालिकाबाट प्रशासनिक, विकास निर्माण लगायतका खर्चहरुको भुक्तानी लिएको देखिन्छ । वडाको विकास योजना छनौट, कार्यान्वयन गर्ने, वडाको तोकिएका सिफारिस गर्ने कार्यमा संलग्न हुनुपर्ने वडा अध्यक्षलाई प्रशासनिक खर्च र विकास निर्माणका क्रियाकलापको भुक्तानी दिनु आर्थिक कारोबार नियमित एवं बजेट खर्च गर्ने सिद्धान्त विपरित देखिएको छ ।

२८. **भ्रमण खर्च सम्वन्धमाः** कार्यालयले विभिन्न प्रयोजनमा भ्रमण गर्न गएको भनी भ्रमण खर्च लेखेकोमा भ्रमणको अभिलेख तयार गरेको छैन । भ्रमण अभिलेख नहुदा कुन कर्मचारी तथा पदाधिकारीले के प्रयोजनको लागि कति समय अनुगमन तथा भ्रमण गरे भनी बिश्लेषण गर्न सकिएन । अनुगमन तथा भ्रमण गर्दा भ्रमणको उद्धेश्य तथा प्रयोजन प्रस्ट खुलाउने गरेको छैन । दैनिक भ्रमण भत्ता बापत खर्च लेखिएकोमा कार्यक्रम भ्रमण पश्चात प्रतिवेदन तयार गरी कार्यालयमा पेश नगरिएको कारणले सम्बन्धीत कर्मचारी तथा पदाधिकारीहरुले सम्बन्धीत कार्यक्रमको प्रयोजनको लागि नै भ्रमण गरेको हो वा होइन भनी यकीन गर्न सकिएन । यसरी खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

२९. **आर्थिक सहायताः** कार्यालयले बित्तीय समानीकरणबाट विभिन्न रोग लागि उपचार सहयोग बापत हेरिएका केही भौचरहरुको आधारमा विभिन्न व्यक्तिहरुलाई आर्थिक सहायता वितरण गरेको छ ।

| | | |
|---|---|---|
| | आर्थिक सहायता वितरणको मापदण्ड निर्धारण गरेको छैन, जसले गर्दा वितरणमा पटके निर्णय तथा कार्यपालिकाको स्वविवेकीय निर्णय रहने देखियो । तसर्थ विभिन्न प्रकारका राहत वितरणको मापदण्ड निर्धारण गरी खर्च गरिनुपर्दछ । | |
| ३०. | **औषधीको माग विश्लेषण :** नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम –२ आयोजना प्रतिवेदन अनुसार अत्यावश्यक स्वास्थ्य सेवा सबै प्राथमिक स्वास्थ्य केन्द, स्वास्थ्य चौकीमा निःशुल्क प्रदान गर्ने व्यवस्था रहेको र प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा अन्तर्गत सञ्चालन हुने कार्यक्रम निर्देशिकामा मौज्दात स्थिति, आवश्यकता तथा विपद् व्यवस्थापन, औसत मौज्दात स्तर, आकश्मिक आदेश स्तर,आकस्मिक मागस्तर, औषधि प्राप्त हुने र वितरण समय, उच्चतम माग,उच्चतम खपत र न्यूनतम खपतसमेतलाइं आधारमानी आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आफैले खरिद गरेका औषधीहरुको आवश्यक परिमाण र दर विश्लेषण गरेको छैन । | |
| ३१. | **निजी विद्यालयमा अध्ययन गरेकालाई छात्रवृत्तिः** भौ.नं.८५२,२०७६।०३।३१ **बाट** गाउँपालिकाले भित्रका जेहेन्दार तथा विपन्न छात्रवृत्ति प्रदान गर्न पालिका भित्रका गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको आवेदन आह्वान गरि आवेदन दिएका सबै विद्यार्थीलाई पढाइको तह अनुसार छात्रवृत्ति वितरण गरेको देखिन्छ । शिक्षा समितिले निश्चित मापदण्ड, आधार तयार गरि विपन्न र जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नुपर्नेमा निजी विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई समेत छात्रवृत्ति प्रदान गर्नु नियमसंगत नदेखिएको रु. | ७२९०००.०० |
| ३२. | **डेलिगेसनः** भौ.नं.७८२,२०७६।०३।२७ मा प्रदेश मन्त्रालय र संघंमा रहेका मन्त्रालयमा पालिकाको विकास निर्माण लगायका कामका लागि डेलिगेसन गएको देखाई पालिका अध्यक्ष लाहुराम थारुबाट सवारी धनी उपेन्द्र शाहीले रु.७००००।०० भुक्तानी लिएकोमा पालिकाबाट डेलिगेसन गएको देखिने प्रमाण पेश गर्नुपर्ने रु. | ७००००.०० |
| ३३. | **भौ.नं.७८७, २०७६।०३।२८** कार्यालय सुरक्षा तथा परामार्श अन्तर्गत बागेश्वरी असल शासन क्लबले हेल्प डेस्क संचालन गरेको भनि रु.१२००००।०० भुक्तानी लिई सो रकमबाट रु.४४९९९।०० को ल्यापटप खरिद गरेको बिलको भुक्तानी दिएकोमा सम्बन्धित संस्थालाई कम्प्युटर खरिद गर्न रकम भुक्तानी गर्नुपर्ने आधार पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु. | ४४९९९.०० |
| ३४. | **पारिश्रमिक करः** भौ.नं.७१६, २०७६।०३।२३ मा शिक्षा शाखाबाट साक्षर गाउँपालिकाका लागि सर्भेक्षण गर्न गएका ९ जनालाई रु.१०६६८८।०० पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा सामाजिक सुरक्षा कर मात्र कट्टा गरेकोमा कर कट्टा गर्न बाँकि पारिश्रमिक रु.१४९३६।०० असूल गरि दाखिला गर्नुपर्ने रु. | १४९३६.०० |
| ३५. | **प्रमाण पेश नभएको**ः आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ (३),(७) र (८) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्नेछ र भुक्तानी दिंदा रीत पुगे नपुगेको नाँच गर्नु पर्ने व्यबस्था छ । | |
| ३५.१. | गो.भौ नं. १८ मिति २०७५।६।१६, ओमप्रकाश शर्माले बा.२.ब. २८० को मोटरसाइकल मर्मत गरे वापत रु.१३७००।०० भुक्तानी लिएको देखिन्छ सो को मर्मत आदेश, दाखिला फारम प्रतिवेदन पेश गरेको नदेखिएको हुनाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.. | १३७००.०० |
| ३५.२. | गो.भौ.नं. ४०६ मिति २०७५।११।७, वडा नं. १ ले पर्वत पुस्तक पसल एण्ड सप्लायर्स, वीरेन्द्र चोक बाँके बाट रु.१०००५।०० को विभिन्न पुस्तक खरिद गरेको देखिन्छ, सो पुस्तक खरिद गरी | |

| | | |
|---|---|---|
| | जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु... | १०००५.०० |
| ३६. | **विज्ञापन छुट** : सरकारी विज्ञापन प्रकाशन गरे वापत गोरखापत्र संस्थानले बिल रकममा २५ प्रतिशत र कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स, आर्थिक कारोवार जस्ता राष्ट्रिय दैनिक प्रकाशनले १५ प्रतिशत छुट दिने व्यवस्था गरेको र उक्त छुटको व्यवस्था प्रकाशन वा एजेन्सी मार्फत कारोवार गर्दा बिल रकममा छुट लिएर मात्र कार्यालयले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. ०७५/७६ मा देहायका विज्ञापन एजेन्सी मार्फत पत्रिकामा सूचना प्रकाशनको लागि रु.४७६८४७।०० भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने रु. ७१५२७।०५ छुट प्राप्त गरेको छैन । तोकिएको छुट लिई भुक्तानी गर्नुपर्नेमा नलिई भुक्तानी गरेकोले कार्यालयलाई रु.७१५२७।०५ थप व्ययभार परेको रु... | ७१५२७.०५ |

| सि.नं. | गो.भौ.नं./मिति | विज्ञापन एजेन्सी | प्रकाशित पत्रिकाको नाम | भुक्तानी रकम (मू.अ.क. वाहेक) | छुट लिनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | १७३/२०७५/८/१८ | इन्टेन्टिभ मिडिया एण्ड सप्लायर्स प्रा.लि. | अन्नपूर्ण पोष्ट दैनिक | ५०४००.०० | ७५६०.०० |
| २ | १७३/२०७५/८/१८ | इन्टेन्टिभ मिडिया एण्ड सप्लायर्स प्रा.लि. | नागरिक दैनिक | १२८८००.०० | १९३२०.०० |
| ३ | १७३/२०७५/८/१८ | इन्टेन्टिभ मिडिया एण्ड सप्लायर्स प्रा.लि. | अन्नपूर्ण पोष्ट दैनिक | १२८८००.०० | १९३२०.०० |
| ४ | १७३/२०७५/८/१८ | इन्टेन्टिभ मिडिया एण्ड सप्लायर्स प्रा.लि. | अन्नपूर्ण पोष्ट दैनिक | ११७६००.०० | १७६४०.०० |
| ५ | १७३/२०७५/८/१८ | इन्टेन्टिभ मिडिया एण्ड सप्लायर्स प्रा.लि. | अन्नपूर्ण पोष्ट दैनिक | ७०००.०० | १०५०.०० |
| ६ | | वुटवल मिडिया प्रकाशन प्रा.लि. | दैनिक पत्र | ४४२४७.०० | ६६३७.०५ |
| **जम्मा** | | | | **४७६८४७.००** | **७१५२७.०५** |

| | | |
|---|---|---|
| | **तराई मधेस समृद्धि कार्यक्रम :** | |
| ३७. | **सामुदायिक भवन निर्माण :** वडा नं. ३ मा सामुदायिक भवन निर्माणको लागि रु.३६५७३०९।०० मु.अ.कर वाहेकको लागत अनुमान स्वीकृत गरी पर्न आएका बोलपत्र मध्ये सबैभन्दा घटिवाला निशान विल्डर्सको कवोल अंक रु.२४३७२५५।०८ भएकोमा उक्त ठेक्का स्वीकृत नगरी भवर भवानी निर्माण सेवाको रु.२७११३६।१२ को ठेक्का स्वीकृत गरेको देखियो । प्रथम घटिवालाको दरभाउपत्र स्वीकृत नगरी दोस्रो घटिवालाको स्वीकृत गर्दा रु.२७३८८१।०४ बढी लागत परेकोमा सो को कारण सहितको बोलपत्र मुल्याङ्कन समितिको निर्णय पेश भएबाट एकिन हुन सकेन । | |
| ३७.१. | **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई सम्झौता रकमको ०.५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । भवर भवानी निर्माण सेवाले सम्झौता बमोजिम २०७६।३।१५ सम्ममा काम सम्पन्न गर्न पर्नेमा २०७६।३।२५ मा मात्र सम्पन्न गरेकोले रु.१२४२३।८५ पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु.... | १२४२३.८५ |
| ३८. | **झोलुङ्गे पुल तर्फ :** परुवा खोला झोलुङ्गे पुल निर्माण गरे वापत भौ.नं. १,२०७६।३।२४ बाट यो | |

| | | |
|---|---|---|
| | वर्ष तेस्रो रनिङ्ग विल वापत रु.१२२६२८८।०० भुक्तानी गरेको देखियो । तेस्रो रनिङ्ग विल सम्ममा रु.२५५६०३२।७३ खर्च गरेको देखिन्छ । सम्झौता बमोजिमको अवधिमा काम सम्पन्न नगरेकोले २०७६।२।१५ को निर्णयले २०७६।३।१५ सम्म म्याद थप गरेकोमा २०७६।३।१५ सम्म पनि अन्तिम विल कार्यालयमा पेश गरेको नदेखिएको र त्यस पछि म्याद थप सम्बन्धमा भए गरेका निर्णय प्रमाण पेश नभएको रु... | १२२६२२२.०० |
| ३९. | **लागत अनुमानमा मु.अ.कर :** कार्यालयले लागत अनुमान गर्दा स्वीकृत दररेट(जिल्ला दररेट/स्थानीय तहको दररेट) एवं गरिने कामको नर्म्सको आधारमा तयार गरेको हुन्छ । लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने र नलाग्ने निर्माण सामाग्री खरिद वापतको मोल र मु.अ.कर लागत व्यहोर्ने अंशको आधार खुलाई लागत अनुमान बनाउनु पर्दछ । कार्यालयले एकमुष्ठ रुपमा निर्माण सामाग्रीको लागत रकम, मु.अ.कर अलग्गै नदेखाई तयार गरेबाट पछि उपभोक्ता समितिले पेश गरेको विल विजकको आधारमा भिडान गर्न नसकिने हुनाले लागत अनुमान र सम्पन्न रकम देखाउँदा मु.अ.कर छुट्याई लागत अनुमान एवं कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ४०. | **आय ठेक्का सम्वन्धमा** | |
| ४०.१. | निर्माण सामग्रीको रुपमा रहेको ढुंगा ग्राभेल, वालुवा, गिटी, मिस्कट, भष्कट र माटो जस्ता नदिजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र सदुपयोग गर्न प्रदेश नं. ५, मन्त्रिपरिषदले स्वीकृत गरी नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ लागु गरेको छ । नदिजन्य पदार्थ उत्खनन गरी विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्य बोलपत्रद्वारा गर्नको लागि यो वर्ष निम्नानुसारका स्थानमा उत्खनन, संकलन तथा विक्री वितरण स्थान एवं परिमाण तोकी ठेक्का बन्दोवस्त गरेको देखियो । | |

| सि.नं | ठेक्काको नाम | उत्खनन परिमाण (घन फिट) | ठेक्का सकारकर्ता |
|---|---|---|---|
| १ | राप्ती नदिबाट ढुंगा गिटी वालुवा उत्खनन संकलन तथा विक्री वितरण(फत्तेपुर शम्सेरगंज र अलिनगरबाट) | २३७३८१४.८० | सुगन्धा विल्डर्श एण्ड इन्भेष्टमेन्ट प्रा.लि. |
| २ | मुगुवा खोलाबाट ढुंगा गिटी वालुवा उत्खनन संकलन र विक्री वितरण | २३४११८०.८० | कालिगण्डकी कन्सट्रक्सन प्रा.लि. |
| २ | झिझरी खोलाबाट ढुंगा गिटी वालुवा उत्खनन संकलन र विक्री वितरण | १८०८४५६.३३. | राप्ती गणेश कन्सट्रक्सन बाँके |
| ४ | परुवा खोलाबाट ढुंगा गिटी वालुवा उत्खनन संकलन र विक्री वितरण | २३२१२२६.४३ | अनमोल एण्ड के कन्सट्रक्सन |
| ५ | खैरी खोलाबाट ढुंगा गिटी वालुवा उत्खनन संकलन र विक्री वितरण | २३१५२५०.०० | डि.सी कन्सट्रक्सन दैलेख |
| जम्मा | | ११११५९९२८.३६ | |

नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेमा सो अनुगमन प्रतिवेदन

| | | |
|---|---|---|
| | पेश भएन । त्यस्तै संझौता बमोजिम नदी खोला खहरे खोल्सा र नदि उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदिजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था गरेको भएता पनि तदनुसारको प्रतिवेदन पठाएको देखिएन । | |
| ४०.२. | **मु.अ.कर र अग्रिम कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) बमोजिम मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । रकम र सरकारी ठेक्का वन्दोवस्त ऐन, २०२० मा ठेक्का भन्नाले सरकारको तर्फबाट दिइने ठेक्कालाई परिभाषित गरेको देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन एवं आयकर ऐन बमोजिम नदि जन्य पदार्थ उत्खनन गरी विक्री वितरण तथा आन्तरिक निकासी गर्नको लागि कार्यालयले निम्न बमोजिम ठेक्का वन्दोवस्त गरेकोमा कानून सम्झौताको शर्त तथा प्रदेश नं. ५, नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा ९(१) सरकारी रकम ठेक्काको बोलपत्र स्वीकार भए पश्चात कवोल रकम र सो मा लाग्ने कर दाखिला गरी सम्झौता गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारका ठेक्काहरुमा मु.अ.कर तथा अग्रीम कर असूल गरेको देखिएन । पट्टा कवुलियत गराउँदा कवोल रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौता गराउनु पर्नेमा सो नगराएको देखियो । मुल्य अभिवृद्धि कर र अग्रिम कर असुल नगरेकोले उक्त रकम प्रचलित कानून बमोजिम गरी असुल उपर गरी दाखिला गर्नुपर्ने रु.... | १२३२२२४३.८१ |

| ठेक्का नं.. | ठेक्का रकम | सकार कर्ता | मू.अ.कर बाहेक कबोल रकम | दाखिला गर्नुपर्ने मू.अ.कर रकम | दाखिला गर्नुपर्ने अग्रिम कर | दाखिला गरेको कर | बाँकी कर रकम |
|---|---|---|---|---|---|---|---|
| ०५ ०७५/७६ | राप्ती नदिको नदिजन्य पदार्थ उत्खनन् संकलन आन्तरिक निकासी | सुगन्धा विल्डर्स एण्ड इन्भेष्टमेण्ट प्रा.लि. | ५७९०१५८० | ७५२७२०५.४७ | ८६८५२३.७१ | – | ८३९५७२९.१७ |
| ०७ ०७५/७६ | झिझरी खोलाबाट नदिजन्य पदार्थ उत्खनन् संकलन आन्तरिक निकासी | राप्ती गणेश कन्स्ट्रक्सन, बाँके | १२४००००० | १६१२००० | १८६०००.०० | १६०६००० | १९२०००.०० |
| ०८ ०७५/७६ | परुवा खोला नदिजन्य पदार्थ उत्खनन् संकलन आन्तरिक निकासी | अनमोल एण्ड के. कन्स्ट्रक्सन, बाँके | २४१००००० | ३१३३०१३.१३ | ३६१५०१.५१ | – | ३४९४५१४.६४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०९ ०७५/७६ | खैरी खोला नदिजन्य पदार्थ उत्खनन् संकलन आन्तरिक निकासी | डि.सी. कन्स्ट्रक्सन, बाँके | १६००००० | – | २४००००.०० | – | २४००००.०० |
| **जम्मा** | | | | १२२७२२१८.६० | १६५६०२५.२२ | १६०६०००.०० | १२३२२२४३.८१ |

४०.३. **राजश्व दाखिला शिर्षक फरक :** नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभागको मिति २०७६।४।१ देखि कायम भएको आ.व. ०७५।७६ को राजश्व संकेत नं. बमोजिम नदिजन्य पदार्थ ढुंगा, गिटी, वालुवा उत्खनन संकलन विक्री वितरण वापतको मूल्य अभिवृद्धि कर आ.व. ०७५।७६ मा कायम भएको संकेत राजश्व शिर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्नेमा देहायको मितिमा राजश्व शिर्षक नं. ३३११४ मा दाखिला गरेकोले सम्बन्धित राजश्व शिर्षकमा दाखिला मिलान गर्नुपर्ने रु..... ४१७३०००.००

| ठेक्का नं. | मु.अ.कर दाखिला मिति | दाखिला रकम | दाखिला शिर्षक | दाखिला हुनुपर्ने शिर्षक |
|---|---|---|---|---|
| ६/०७५/७६ मुगुवाखोला नदिजन्य पदार्थ ढुंगा, गिटी, वालुवा ठेक्का | ०७६/१/१५ | ८०००००.०० | ३३११४ | ३३११७ |
| | ०७५/१२/२९ | १३५००००.०० | ३३११४ | ३३११७ |
| | ०७६/२/२६ | १५०००००.०० | ३३११४ | ३३११७ |
| | ०७६/२/२८ | ५२३०००.०० | ३३११४ | ३३११७ |
| जम्मा | | ४१७३०००.०० | | |

४०.४. ठे.नं. ७०७५।७६ मा मु.अ.कर रकम रु.१६१२०००।०० मिति २०७५।१२।२२ र २०७६।४।२ मा राजश्व शिर्षक नं. ३३११७ मा रु.१६०६०००।०० फोटोकपी दाखिला भौचर पेश गरेको तथा २०७६।७७ आ.व. मा दाखिला गरेकोले सम्झौताको शर्त बमोजिमको अवधिमा दाखिला नगरी अर्को आ.व. मा दाखिला गरेको र सक्कल दाखिला भौचर समेत पेश नभएकोले दाखिला यकिन गर्नुपर्ने रु..... १६०६०००.००

४०.५. ठेक्का नं. ९।०७५।७६ निम्न बमोजिम मितिमा मु.अ.कर दाखिला गर्दा सक्कल भौचर पेश नहुनाको साथै शिर्षक फरक पारी दाखिला गरेकोले दाखिला शिर्षक मिलान गरेको प्रमाण पेश हुनुपर्ने रु..... २०८००००.००

| दाखिला मिति | दाखिला हुनुपर्ने शिर्षक | दाखिला गरेको शिर्षक | रकम |
|---|---|---|---|
| ०७६/५/१८ | ३३११७ | ३३३१४ | १००००००.०० |
| ०७६/५/२० | ३३११७ | ३३३१४ | १०८००००.०० |
| जम्मा | | | २०८००००.०० |

४१. **बढि भुक्तानीः**

४१.१. ठे.नं. १।२०७६।२।२७, ने.रा.मा.वि. चिलहरियामा विद्यालय पर्खाल निर्माण गर्नको लागी रु. १३२००००।०० विद्यालयलाई भुक्तानी गरेको छ । उक्त कार्य गराउनको लागि लागत अनुमान रु.१५५३३१०।०० तयार गर्दा उपभोक्ता समितिले रु.१७३२७०।१४(११.१४%) र गा.पा. ले रु.१३८००३९।८६ व्यहोर्ने उल्लेख छ । पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.१५४०७६१।४३ को काम भएकोले उपभोक्ताको अंश आनुपातिक हिसाबले रु.१७१६४०.७१

| | | |
|---|---|---|
| | घटाई खुद रु.१३६९११९।७१ भुक्तनी गर्नुपर्नेमा रु.१३२००००।०० यो शिर्षकबाट र सामानीकरण शिर्षकबाट रु.११७४५१।०० समेत रु.१४३७४५१।०० खर्च गरेकोले रु.६८३३१।२९ बढि भुक्तानी गरेको देखिन्छ । कार्यालयले सम्झौता गर्दा इष्टिमेट बमोजिम १७३२७०।०० योगदान रहने गरी सम्झौता गर्नुपर्नेमा रु.१०३३१०।१४ राखी सम्झौता गरेकोले बढि भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रु.... | ६८३३१.२९ |
| ४१.२. | गो.भौ.नं. १४०/२०७६।२।३०, भक्ता बहादुर महतरा को घर देखि दिलिप डाँगीको घर सम्म बाटो ग्राभेल गर्नको लागी रु.१४२९४५७।९७ को लागत अनुमान भै कार्यालयले रु.१३५००००।०० व्यहोर्ने उल्लेख छ । सम्पन्न प्रतिवेदन अनुसार रु.१४००६७६।०३ को कार्य गरेकोले आनुपातिक अंश अनुसार कार्यालयले रु.१३२३००७।७१ मात्र भुक्तानी गर्नुपर्नेमा बढी रु.२६९२९।२८ भुक्तानी रकम असुल गर्नुपर्ने रु.. | २६९९२.२८ |
| ४१.३. | गो.भौ.नं. १९१/२०७६।३।४, बाट सिंघैयानाला देखि मस्जिद सम्मको वाटो निर्माणको लागि रु.७१३६२६।४२ को लागत अनुमान भएको रहेछ, लगत इष्टिमेट बमोजिम उपभोक्ताले रु.३३९५०।००(४.७५%) व्यहोर्नुपर्ने देखिन्छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.७१०९७२।९३ को कार्य गरेकोले ४.७५% जनसहभागिताको अंश कट्टा गरी रु.६७७२०१।७१ मा कन्टिन्जेन्सी वापतको रु.२१०००।०० कट्टा गरी रु.६५६२०१।७१ खर्च लेख्नुपर्नेमा रु.६९७३४६।०० मा कन्टिन्जेन्सी रु.२१०००।०० कटाई रु.६७६३४६।०० भुक्तानी खर्च लेखेकोले रु.२०१४४।२९ बढि भुक्तानी असुल गर्नुपर्ने रु.... | २०१४४.२९ |
| ४१.४. | गो.भौ.नं. २६०/२०७६।३।१८, वडा नं. १ चप्परगौडी वस्तीमा जि.आई.वायर फेन्सिङ कार्य गर्नको लागि रु.५६४६२५।२७ लागत अनुमान भई उपभोक्ताको योगदान रु.३११२५।२७(५.५१%) रहने गरी स्वीकृत गरेको देखिन्छ । उक्त कार्य सम्पन्न प्रतिवेदनमा रु.४८०९५६।५० को कार्य भएकोमा उपभोक्ताको योगदान रु.२६५००।०० कट्टा गरी रु.४५४४५५।०० दिनुपर्नेमा कन्टिन्जेन्सी कटाई रु.५३५९४६।०० दिएकोले रु.८१४९१।०० बढि खर्च लेखि भुक्तानी गरेको रु..... | ८१४९१.०० |
| ४२. | **लागत अनुमान तयार गर्दा मु.अ. कर :** कार्यालयले लागत अनुमान तयार गर्दा भ्याट लाग्ने र नलाग्ने आइटम छुट्याई मु.अ.कर वापत उपभोक्ता समितिलाई सोधभर्ना दिने मु.अ.कर देखाई लागत अनुमान तयार गर्नुपर्ने र उपभोक्ता समितिले विल ल्याउँदा लागत अनुमानमा देखाएको मु.अ.कर विल विजक भिडान गरी भुक्तानी गर्नुपर्दछ । प्राविधिकले लागत अनुमानमा भ्याट रकम दुई देखाई मुल्याङ्कन गर्नुपर्नेमा नगरेबाट प्राप्त गरेको विल भर्पाईको मु.अ.कर रकम र वास्तविक काममा लागेको खर्चको मु.अ.कर रकम भिडान गर्न सक्ने अवस्था छैन । | |
| ४३. | **वडा जिन्सी खाता :** वडागत रुपमा खरिद गरीएका जिन्सी सामानहरु दाखिला गरेको वडाको जिन्सी खाता लेखापरीक्षणमा पेश गरेको छैन । गाउँपालिकाको जिन्सी खाता खर्च भएर जाने र नजाने राखी वडा कार्यालयलाई सामान हस्तान्तरण गर्नुपर्नेमा वडाले खरिद गरी जिन्सी वडामा नै दाखिला गरी भुक्तानीको लागि विल भरपाई गा.पा. मा ल्याउने गरेको देखियो । कार्यालयको जिन्सी खाता एउटै राखी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ । | |
| ४४. | **बेरुजु सफ्टवेयरः** गो.भौ.नं. २०।२०७५।८।१८, भोर्गन आई.टि सोलुशन प्रा.लि. लाई वेरुजुको सफ्टवेयर खरिद जडान वापत रु.३२६०००।०० भुक्तानी गरेको देखिन्छ । डिजायन तथा वेरुजु सफ्टवेयर तालीम गरेको भनि खर्च गरेकोमा उक्त खर्च प्रगति हुने वेरुजू सफ्टवेयरको काम गरेको नदेखिएकोले उपलब्धी विहिन खर्च गरेको रु.... | ३२६०००.०० |

४५. **५० प्रतिशत मूल्य अभिबृद्धि कर कट्टा नगरेको :–** मूल्यअभिबृद्धि कर नियमावली २०५३ को नियम ६ (ग)मा सार्वजनिक निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत ठेकेदार वा आपूर्तीकर्ता लाई वस्तु वा सेवा बापतको कर भुक्तानी गर्दा पचास प्रतिशतले हुने रकम कट्टा गरी सम्बन्धित फर्मको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका फर्महरुबाट ठेक्का तथा करारको माध्यबाट निर्माण कार्य र वस्तु तथा सेवा आपूर्ती गरे बापत मुअकर रु.८७१०६७३५ भुक्तानी गरेकोमा पचास प्रतिशतले हुने रु.११,४०,४६४.२२ कट्टा गरेर भुक्तानी गर्नुपर्नेमा कट्टा गरेको नदेखिएकाले मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु..... ११४०४६४.२२

| भौ.नं. र मिति | फर्मको नाम | भुक्तानी रकम | मू.अ.कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|
| ७४/२०५/१२/२० | विनायक इन्जिनियरिङ्ग कन्सल्टेन्सी नेपालगंज | ४३०८१२.५० | ४९५६२.५० | २४७८१.०० |
| ८०/२०७६/१/५ | एभरेष्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी कोहलपुर | ३०००००.०० | ३४५१३.०० | १७२५६.५० |
| १५०/२०७६/२/२६ | जय माँ वागेश्वरी निर्माण सेवा, बाँके | ९४९८२१.५० | १०९२७१.५० | ५४६३५.७५ |
| १५१/२०७६/२/२७ | सुशान्त निर्माण सेवा, कोहलपुर | ४९५७६०.३८ | ५७०३४.३८ | २८५१७.१९ |
| २२५/२०७६/३/१२ | पञ्चदेवी निर्माण सेवा, बाँके | २३१७६३९.१० | २६६६३१.०५ | १३३३१५.५२ |
| ३१४/२०७६/३/२२ | भवर भवानी निर्माण सेवा | २२४३५०.०० | २५८१०.०० | १२८०५.०० |
| ३९२/२०७६/३/२८ | रमन सप्लायर्स बाँके | ९३४१४४.०० | १०७४६७.९४ | ५३७३३.९७ |
| ३९५/२०७६/३/२८ | पानोरामा रिसर्च सेन्टर प्रा.लि. | २४७७५२.५० | २८५०२.५० | १४२५१.२५ |
| ४२५/२०७६/३/३१ | नारायनम निर्माण सेवा प्रा.लि. | १८३७३७९.०७ | २११३७९.८९ | १०५६८९.९४ |
| ४२७/२०७६/३/३१ | सदभाव निर्माण सेवा | ३७९८९४.७० | ४३७०४.७० | २१८५२.३५ |
| ४२९/२०७६/३/३१ | ल्याण्डस्केप इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४८५९००.०० | ५५९००.०० | २७९५०.०० |
| ४३१/२०७६/३/३१ | प्रभात ट्रेडर्स एण्ड कलर हाउस | १७३८४१२.४८ | १९९९९४.०० | ९९९९७.०० |
| ४३२/२०७६/३/३१ | ओलि विल्डर्स | ३५९८३६८.७१ | ४१३९७१.०० | २०६९८५.५० |
| ४३३/०७६/३/३१ | जय माँ वागेश्वरी निर्माण सेवा | ६००२१९.८४ | ६९०५१.८४ | ३४५२५.९२ |
| ४३९/०७६/३/३१ | पञ्चदेवी निर्माण सेवा | २२०४६९६.६६ | २५३६३७.६७ | १२६८१८.८३ |
| ४४०/०७६/३/३१ | कालीगण्डकी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रालि | ३०८३१३५.५१ | ३५४६९७.०१ | १७७३४८.५० |
| जम्मा | | | | ११४०४६४.२२ |

४६. **स्वतन्त्र विद्यार्थी युनियन भवन निर्माण :** गाउँपालिका वडा नं. ६ अन्तर्गत भवन निर्माण योजना रहेकोमा लागत अनुमान अनुसार रु.५४८४६९।५० भई उपभोक्ताको योगदान रु.४८४६९।००

| | | |
|---|---|---|
| | भएको देखियो । जनसिद्धेश्वरी वहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन भवन निर्माणको लागि उपभोक्ता समिति मार्फत कार्य गराई रु.५०००००।०० खर्च गरेको देखियो । गाउँपालिकाको भौतिक विकास निर्माण, सामाजिक आर्थिक विकास गर्न व्यवस्था गरिएको वजेटबाट स्वतन्त्र विद्यार्थी युनियन भवन निर्माण गर्नु उपयुक्त नदेखिएको रु. | ५०००००.०० |
| ४७. | **बढि खर्चः** गो.भौ.नं. ३३४/२०७६।३।२३, वडा नं. ५ मा सबै वस्तिहरुमा धारा जडान ८१ वटा तथा त्यससँग सम्बन्धित विभिन्न सामानहरु तथा ज्याला समेतको लागि रु.१०२८९२२।७६ लागत अनुमान भएको रहेछ । उपभोक्ता समितिले रु.२८९२२।७६ जनश्रमदान वापत व्यहोर्नुपर्ने उल्लेख छ । पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.१०२८२९८।०० को काम भई रु.९९९३९३।०० खर्च गरेको छ । ८४ वटा धारा जडानमा रु.१०२८२९८।०० खर्च हुँदा सरदर रु.१२२४१।६४ खर्च पर्ने आधार देखिन्छ । उपभोक्ता समितिले पेश गरेको भेरी अर्डर एण्ड सप्लायर्स वर्दियाको विलानुसार ८१ हेण्डपम्पको मु.अ.कर सहित रु.१२९६०६।४८ मा खरिद गरेको देखियो । ८१ हेण्डपम्प खरिद गरेको देखिएकोमा ८४ हेण्डपम्प जडान गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोले औषतमा प्रति हेण्डपम्प जडान सहितको रु.१२२४१।६४ ले ३ वटाको रु. ३६७२४।९२ खरिद विल भन्दा बढि खरिद जडान देखाई खर्च लेखेको रु... | ३६७२४.६४ |
| ४७.१. | **प्राविधिक पुष्ट्याई भन्दा बढि खर्चः** हेण्डपम्प खरिद दर भ्याट सहित रु.१६००।०० भएकोमा उपभोक्ताको प्राविधिक विलमा रु.२९८१।३४ का दर उल्लेख गरेबाट खरिद दरभन्दा प्राविधिक विल बढि गरेको ८४ वटाको रु..... | ११६०३२.५६ |
| ४८. | **बढि बीमा खर्चः** गो.भौ.नं. ४१७/०७६।३।३०, वडा नं. १ स्वास्थ्य चौकी भवन निर्माण वापत सम्राट निर्माण सेवा, बाँकेलाई रु.१९९५३९०।०० भुक्तानी गरेकोमा विमा वापत रु.२४९९९।६७ भ्याट सहित भुक्तानी गरेकोले रु.२८७५।०० असूल गर्नुपर्ने रु... | २८७५.०० |
| ४९. | **दाहोरो बीमा खर्चः** गो.भौ.नं. २७१/२०७६।३।१९ ठे.नं. ३,०७५।७६ मा पेरानी कालोपत्रे निर्माण गरे वापत जय माँ वागेश्वरी निर्माण सेवा, बाँकेलाई रु.१४१०७३५।०० प्रथम रनिङ विल वापत भुक्तानी गरेकोमा विमा वापत रु.४०८१७।९४ भुक्तानी गर्दा मु.अ.कर रु.४६९५।८७ दोहोरो दावी गरेकोले असुल गर्नुपर्ने रु..... | ४६९५.८७ |
| ५०. | **ठेक्का फाइलः** गो.भौ.नं. २७२/२०७६।३।१९, एस.पि. निर्माण सेवा एण्ड प्रभा सप्लायर्सलाई १८५५४६०।०० भुक्तानी गरेकोमा भवर भवानी सहकारी देखि सिसुवा पुल सम्म वाटो स्तर उन्नती कार्यको अन्तिम विलको ठेक्का फाइल पेश भएन । | |
| ५१. | **फाइनल बिलः** गो.भौ.नं. २७३ मिति २०७६।३।१९, सिसुवा पुलदेखि हेमकुमार डाँगीको घरसम्म वाटो स्तरउन्नती भट्टराई कन्सट्रक्सन, बाँके रु.१८५२०७०।०० फाइनल विल पेश नभएको रु... | १८५२०७०.०० |
| ५२. | **वीमाको रकम बढि भुक्तानी :** भौ.नं. ३७६ मिति २०७६।३।२७ बाट खेलकुद मैदान निर्माण गर्नको लागि रु.१९६४४६५।०० खर्च गरेको देखिन्छ । उक्त कार्य भट्टराई कन्सट्रक्सनसँग गराएकोमा विमा वापत रु.३४३२६।३८ मा भ्याट समेत रु.३८७८८।०० भुक्तानी गरेकोमा उक्त आइटम प्रोभिजिनल सममा रहेकोले विल बमोजिम रु. २९०७०।८१ मात्रको विमाको विल भ्याट सहित पेश गरेकोले विल भन्दा रु.९७१७।९९ बढि भुक्तानी गरेको असुल हुनुपर्ने रु.. | ९७१७.९९ |
| ५३. | **धारा जडानको प्राविधिक पुष्ट्याईः** गो.भौ.नं. ३९२/२०७६।३।२८, रमन सप्लायर्सबाट निम्न बमोजिमका सामानहरु खरिद गरेवापत रु.९३४१४४।४४ भुक्तानी गरेकोमा सो सामानहरु जिन्सीबाट ०७६।४।७ मा वडा नं. ३ का वडा अध्यक्ष गंगाराम थारुले बुझिलिएको देखिन्छ । कार्यालय प्रमुखद्वारा प्रमाणित नभएको पाना ४ को भर्पाई अनुसार ८९ थान विभिन्न | |

<table>
<tr><td></td><td>व्यक्तिहरुलाई बुझाएको देखिएता पनि प्राविधिक रुपले धारा जडान भएको मुल्याङ्कन पेश नभएको रु..</td><td>९३४१४४.००</td></tr>
<tr><td></td><td>
<table>
<tr><td>सि.नं</td><td>सामानको विवरण</td><td>भ्याट वाहेक रकम</td></tr>
<tr><td>१</td><td>४ नं. हेण्डपम्प ८९ पिस</td><td>१५७५३०.००</td></tr>
<tr><td>२</td><td>४० एम.एम. जि.आई सकेट ३५६ पिस</td><td>७९०३२.००</td></tr>
<tr><td>३</td><td>१$^{१}/_{२}$"४० एम.एम. जि आई पाइप ९३४.५ मी.</td><td>४७१९२२.५०</td></tr>
<tr><td>४</td><td>४० एम.एम × १.५ मी. स्टेनर ८९ पिस</td><td>११८१९२.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८२६६७६.५०</td></tr>
<tr><td colspan="2">भ्याट १३%</td><td>१०७४६७.९४</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>९३४१४४.४४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>स्वास्थ्यतर्फः</td><td></td></tr>
<tr><td>५४.</td><td>अधुरो खोपकेन्द्रः भौ.नं.१४०, २०७६।०३।२३ Outreach Session बाट प्रदान गरिने खोप सेवालाई प्रभावकारी बनाउन संघीय सरकारबाट रु. ३ लाख बजेट विनियोजन गर्ने र स्थानीयतहले सोही अनुसार साझेदारी गरी खोप केन्द्र निर्माण गर्नुपर्ने स्वास्थ्य मन्त्रालयको निर्देशिकामा उल्लेख छ । पालिकाले संघीय सरकारबाट विनियोजित रु. ३ लाख बाट खोप केन्द्र निर्माण गरेको देखाएकोमा श्रेस्तामा राखिएको खोप केन्द्रको फोटोले खोपकेन्द्र अधुरो नै रहेको देखिन्छ । पालिका समेतको साझेदारीमा खोपकेन्द्र निर्माण गर्नुपर्नेमा सो नगरी संघीय सरकारबाट विनियोजित बजेटबाट मात्र अधुरो खोपकेन्द्र निर्माण गर्नु नियमसंगत नदेखिएको रु....</td><td>२९४९७५.००</td></tr>
<tr><td></td><td>शिक्षा तर्फः</td><td></td></tr>
<tr><td>५५.</td><td>विद्यालयगत निकासा खाता : कार्यालयले विद्यालयहरुलाई तबल भत्ता लगायतका चौमासिक निकासा दिदा सो को अभिलेख खातामा चढाउने गरेको देखिएन । जसले गर्दा सबै विधालयको निकासा एककृित रुपमा भिडान गर्न सक्ने स्थिति रहेन । विद्यालयबाट प्राप्त माग फाराम, सम्बन्धीत स्रोत व्यक्ति अथवा विद्यालय निरीक्षकले चेकजाँच गरी हस्ताक्षर नगरेको र त्यस्ता माग फारामहरु खोजेको बखत पाइने गरी व्यवस्थीत तरिकाले राख्ने गरेको पाइएन । विद्यालयहरुले वित्तीय तथा सामाजिक लेखापरीक्षण गर्ने कार्य गरे नगरेको खुल्ने गरी अभिलेख तयार गरेको पाइएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई विश्वसनीय एवं भरपर्दो बनाउन विद्यालयहरुको चौमासिक निकासाको विद्यालयगत अभिलेख खाता राख्नुपर्ने साथै अभिलेख व्यवस्थीत नगर्ने सम्बन्धीत अधिकारीलाई कानून बमोजिम जिम्मेवार बनाइनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६.</td><td>कार्यालयले विधालयगत रुपमा शिक्षकहरुको स्वीकृत दरबन्दी विवरण र कार्यरत शिक्षकहरुको विवरण अधावधिक गरी प्रमाणित गरी राखेको पाइएन । कार्यालयले शिक्षकहरुको आन्तरिक सरुवा तथा काज मा खटाए नखटाएको भन्ने विवरण लेखापरीक्षणको क्रममा पेश भएन । यस्तो विवरण बिना दरबन्दी बढी निकासा भए नभएको तथा सरुवा भएका शिक्षकको दोहोरो निकासा भए नभएको एकिन गर्न सकिएन । तसर्थ हरेक बर्ष दरबन्दी अनुसार पदपूर्ति भए नभएको र शिक्षकहरु कार्यरत रहे नरहेको एकिन गरी विवरण अधावद्यिक गर्ने र सोही अनुसार तलब भत्ता निकासा गर्नुपर्ने हुन्छ । यस्तो विवरण बिना तलब भत्ता निकासा हुँदा स्वीकृत दरबन्दी भन्दा बढी निकासा हुन सक्ने, कुनै विधालयमा शिक्षकहरुको चाप हुने तथा कुनैमा शिक्षकहरुको अभाव हुन सक्ने हुँदा कार्यालयले शिक्षकहरुको विधालयगत दरबन्दी, कार्यरत र रिक्त अवस्थाको</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | प्रस्ट हुने गरी अभिलेख तयार गर्ने र समय समयमा अधावधिक गर्नुपर्दछ। | |
| ५७. | **प्राविधिक धारका विद्यालय संचालन:** पालिकाले लक्ष्मी माध्यामिक विद्यालय, मदुईलाई प्राविधिक तथा व्यवसायिक शिक्षालाई तोकिएबमोजिमको मापदण्डमा संचालन गर्न शिक्षण सिकाइ सामग्री तथा Lab assistant, equipments and Practical material व्यवस्थापनको लागि रु.२६९२०००।०० निकासा गरेकोमा सो रकमखर्चको आधार प्रमाण नरहेको देखिन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशित गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम सो रकम खर्च गरेको प्रमाण पेश गर्नुपर्ने रु.... | २६९२०००.०० |
| ५८. | **भौ.नं.८५, २०७६।०१।२३** पालिकाले शिक्षण सिकाईमा ICT को प्रयोग, माध्यामिक विद्यालयमा पुस्ताकलय स्थापना तथा व्यवस्थापन, माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला र गणित विज्ञान सामग्री खरिदको लागि एकमुष्ट रकम निकासा गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम उल्लेखित शिर्षकबाट निकासा गरिएको रकम सम्बन्धित विद्यालयले सार्वजनिक खरिद ऐन, नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका खरिद प्रक्रिया पुरा गरे नगरेको, सो रकम खर्च भएको आधार, प्रमाण पेश नभएको र पालिकाको शिक्षा शाखाबाट समेत विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यन्वयन गरे नगरेको अनुगमन नगरेकोबाट सो रकम खर्चको आधार, प्रक्रिया र प्रमाण पेश गर्नुपर्ने रु....... | ३९०००००.०० |

| क्र. सं. | विद्यालयको नाम | विवरण | निकासा रकम | कैफियत |
|---|---|---|---|---|
| १. | दुर्गा भवानी मा.वि. शमशेरगञ्ज | माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६५००००.०० | |
| २. | लक्ष्मी मा.वि. मदुइ | माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६५००००.०० | |
| ३. | शिवशक्ति मा.वि. पेरानी | शिक्षण सिकाइमा ICT को प्रयोग | ६५००००.०० | |
| ४. | कुसुमेश्वर मा.वि. | शिक्षण सिकाइमा ICT को प्रयोग | ६५००००.०० | |
| ५. | सिध्देश्वर मा.वि. | माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६५००००.०० | |
| ६. | जनशक्ति मा.वि. | माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६५००००.०० | |
| जम्मा | | | ३९०००००.०० | |

| | | |
|---|---|---|
| ५९. | **सामाजिक सुरक्षा अनुदान :** सामाजिक सुरक्षा भत्ता वितरणका लागि यस कार्यालयलाई रु.७ करोड १ लाख ८७ हजार बजेट विनियोजन भई रु.६ करोड ६८ लाख २ हजार ६ सय निकासा भई खर्च रु.६ करोड ४९ लाख ०४ हजार ४ सय गरि बाँकी रु.१९७८२००।- संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश भएको छ। सामाजिक सुरक्षा पेश्की खर्च, बैंक दाखिला रकम र वित्तिय सूचना प्रणाली (MIS)र मन्त्रालयबाट प्राप्त विवरणलाई मात्र भिडान गरी परिक्षण गरिएको छ। पेश्की फाँटवारी परिक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् : | |
| ५९.१. | • सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम | |

| | | |
|---|---|---|
| | सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत गरिने गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।<br>● सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ ।<br>● कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन । | |
| ६०. | **आन्तरिक आय :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(१) बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १३(१) बमोजिम आफ्नो जिम्मा भएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । यस वर्ष कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट मालपोत, सिफारिस, पञ्जिकरण, लगायतका शीर्षकमा आन्तरिक आम्दानी गरेकोनगदी रसिद नियन्त्रण खाता राखेको देखिएन । कार्यालयले निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले असुल भएको रकम हिनामिना समेत हुने संभावना देखिएकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ ।<br>– नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१<br>– दैनिक राजश्व / आम्दानी खाता म.ले.प फाराम नं. १०२<br>– गोश्वारा भौचर (राजश्व) म.ले.प फाराम नं. १०३<br>– राजश्व / आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४<br>– राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५ | |

| | | |
|---|---|---|
| | – राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६<br>– राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७। | |
| | **राजश्व परिक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :** | |
| | वडा नं. ७ का वडा सचिव साविकराम मुराउले आ.व. ०७५।७६ मा भण्डार शाखाबाट आम्दानी रसिद २६ थान ठेली र मालपोत ठेली थान १७ थान बुझेर लिएको भण्डार शाखाबाट विवरण प्राप्त भएकोमा लेखापरीक्षणको क्रममा आम्दानी तर्फ २१ थान र मालपोत तर्फ १५ थान पेश भएकोले बुझेर लगेको आम्दानी रसिद ५ थान ठेली र मालपोत तर्फ २ थान ठेली बुझाउन बाँकी रहेकोले उक्त रसिद ठेलीहरु बुझाएको प्रमाण पेश हुनुपर्दछ। | |
| ६१. | **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु असूल फछ्र्यौट नगरेकोले देहाय अनुसार कायम गरिएको छ।** | |
| ६१.१. | भौ.नं.६१,२०७५।०६।२५ स्वास्थ्य संस्थाहरुलाई सहायता (स्वास्थ्य क्षेत्र सुधार स्वास्थ्यमा नपुग जनशक्ती भर्ना) शिर्षकमा विनियोजित बजेटबाट अनलाइन ओभरशिज नेपालगञ्जबाट रु २८८९००।— को मोटरसाइकल खरिद गरेको पाईयो । पूजींगत शिर्षकबाट लेख्रुपर्ने खर्च चालु शिर्षकबाट बिनियोजन गरी लेखेको खर्च नियमित हुनुपर्ने रू. | २८८९००.०० |
| ६१.२. | भौ.नं.८३,२०७५।०६।२९ बहुउद्देश्यिय सुरक्षित सामुदायिक भवन निर्माण गर्न सुरक्षित सामुदायिक भवन निर्माण उपभोक्ता समितिलाइ पेश्कि प्रदान गर्दा संस्थाको नाममा नभई तुल्सीराम थारुको नाममा पेश्कि दिइएको रकम रु २४००००।- नियमित हुनुपर्ने रू. | २४००००.०० |
| ६१.३. | भौ.नं.२२६,,२०७५।०८।२३ गाउँपालिकाले मेची काली गोवर ग्याँस तथा सौर्य उर्जा विकास कम्पनी लाई गोवर ग्याँस संभाव्यत्ता अध्ययनको लागी दिएको भुक्तानीमा पेश्की जनाउनुपर्ने दिनुपर्ने रु=६०००० बजेट खर्च लेखेकाले पेश्की नजनिएको र आन्तरिक लेखा परीक्षण अवधी सम्म पनि कार्य सम्पादन नगरेकाले असुल हुनुपर्ने रु..... | ६००००.०० |
| ६१.४. | भौ.नं.२२६,,२०७५।०८।२३ विभिन्न सामान खरिद वापत नायव सुव्वा दिलाराम रानालाई रु ५००००।— भुक्तानी दिइएकोमा नियमानुसार कट्टा गर्नु पर्ने अग्रिम आयकर १.५ प्रतिशतले हुन आउने रकम रु १४१५।— अशुल गर्नु पर्ने रू. | १४१५.०० |
| ६१.५. | भौ.नं.२४८,२०७५।०९।२६, विपद शिर्षकबाट जनशक्ति आधारभुत विधालयलाइ गेट निर्माण गर्न रु ३००००।- भुक्तानी दिइएको रकम आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या २०७४ अनुसार विपद शिर्षकमा लेख्रुपर्ने खर्चको बारेमा स्पष्ट व्याख्या गरिएको हुँदा निर्माण कार्यमा खर्च भएको रकम नियमित हुनुपर्ने रू..... | ३००००.०० |
| ६१.६. | भौ.नं.३१५,२०७५।१०।१४, वडाको बाटो बर्षाका कारण विग्रन गएको भनी मर्मत गर्दा रु २७६७९०।- भुक्तानी दिइएकोमा इस्टिमेट, ठेक्का विल, कार्यसम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन सलग्न नराखि भरपाइ र टेक्टरको कागजातका आधारमा भुक्तानी दिइएको रकम नियमसंगत नदखिएको रू..... | २७६७९०.०० |
| ६१.७. | भौ.नं.३७४,२०७५।१०।२७ विपत तथा प्रकोप ब्यवस्थापन कार्यक्रम अन्तगर्त रु ३३७५००।- खर्च लेखि बाटो मर्मत गरेको देखिन्छ । प्राविधिक अभावको कारण देखाई लागत अनुमान तयार नगरेको साथै उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन सलग्न नभएकाले कार्य सम्पन्न भयो भएन भनी एकिन हुन सकिएन साथै उक्त कार्य गर्दा उपभोक्ता समिति गठन नगरी सोझै प्रम बहादुर बुढा मगरलाइ नै भुक्तानी गरिएको रकम रु ३३७५००। प्रमाण पेश गरी नियमित गर्नुपर्ने रकम रु | ३३७५००.०० |

<table>
<tr>
<td>६१.८.</td>
<td>भौ.नं.४११,२०७५।११।०७ सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च (वडा कार्यालयमा इन्टरनेट जडान कार्य) बाट वडा कार्यालयमा इन्टरनेट जडान सर्भे वापत इनेट ट्रेडर्स नेपाल प्रा.ली. लाई रु ३५०००।- भुक्तानी गरेको पाईयो ।सेवा प्रदायकले आफुले प्रदान गर्ने सेवाको क्षेत्र विस्तारका लागी आफै सर्भे गर्नुपर्नेमा सर्भे वापतको रकम समेत कार्यालयले भुक्तानी गरेको उपयुक्त नदेखिएको रू...</td>
<td>३५०००.००</td>
</tr>
<tr>
<td>६१.९.</td>
<td>भौ.नं.४३९, २०७५।१२।२८ रासि सोनारी पत्रकारीता तालिम र गाँउपालिकाको द्बिमासिक बुलेटिन फिचर सकरात्मक सोच विकास कर्मचारी र जनप्रतिनिधी सँग सञ्चारका लागि गाउँपालिका का तर्फबाट गाँउपालिका अध्यक्ष र हाइवे पोष्ट दैनिक बीच रु ४९०००००।— को सम्झौता भएको देखिन्छ । पेश भएका खर्चका कागजात तपसिल वमोजिमको देखिएको।तालिम कार्यक्रमले लिएको लक्ष्य अनुरुपको सम्पादित कामको बील भरपाईबाट तालमेल नमिलेको रकम नियमित हुनुपर्ने रू.........
<table>
<tr><th>सामानको विवरण</th><th>रकम</th></tr>
<tr><td>किताव छपाइ डिजाइन र सेटिङ्ग</td><td>१२१४७५।-</td></tr>
<tr><td>खाना तथा पानी</td><td>४३८००।-</td></tr>
<tr><td>डायरी</td><td>१८०००।-</td></tr>
<tr><td>खादा</td><td>८७५०।-</td></tr>
<tr><td>ब्यानर र ब्याज</td><td>८२५०।-</td></tr>
<tr><td>सुचना प्रकाशन</td><td>३०००।-</td></tr>
<tr><td>रिचार्ज कार्ड</td><td>३४०००।-</td></tr>
<tr><td>गाडि भाडा</td><td>५६०००।-</td></tr>
<tr><td>सम्पादन</td><td>६००००।-</td></tr>
<tr><td>संकलन तथा लेखन</td><td>१५००००।-</td></tr>
<tr><td>जम्मा</td><td>४९००००।-</td></tr>
</table>
</td>
<td>४९००००.००</td>
</tr>
<tr>
<td>६१.१०.</td>
<td>सफ्टवेयर खरिद:- गाउँपालिकाले विभिन्न मितिमा निम्न सफ्टवेयर खरिद गरेको पाईयो, पालिकाले बजेट प्रतिफल दिने गरि उद्देश्यमूलक कार्यमा खर्च गर्नुपर्दछ। खरिद गरिएका सफ्टवेयर निम्न बमोजिम छन् :
<table>
<tr><th>सि.नं.</th><th>सफटवेयरको नाम</th><th>सम्फौता रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>1</td><td>आन्तरिक व्यवस्थापन नियन्त्रण प्रणाली PIS सफ्टवेयर</td><td>४९९,९९१.००</td><td>४९७,८७८.००</td></tr>
<tr><td>2</td><td>दर्ता चलानी सफ्टवेयर</td><td>७७६५७५.००</td><td>७७५७४५.००</td></tr>
<tr><td>3</td><td>राजस्व सफ्टवेयर</td><td>४५०,३०८.००</td><td>४४८,०४५.००</td></tr>
<tr><td>4</td><td>तलवी प्रतिवेदन (Pay Roll)सफ्टवेयर</td><td>२६५,५५०.००</td><td>२६५,५५०.००</td></tr>
<tr><td>5</td><td>एकिकृत सम्पति कर सफ्टवेयर</td><td>१४५,७७०.००</td><td>१४५,७७०.००</td></tr>
<tr><td>6</td><td>बेरुजु सफ्टवेयर</td><td>३२६,००५.००</td><td>३२६,००५.००</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | 7 | स्कुल व्यवस्थापन सफ्टवेयर | १,६००,०००.०० | १,६००,०००.०० | | |
| | | **जम्मा** | **४,०६४,१९९.००** | **४,०५८,९९३.००** | | |

| | | |
|---|---|---|
| ६१.११. | पालिकाले माथि उल्लेखित ७ वटा सफ्टवेयरमा ४० लाख भन्दा वढी रकम खर्च गरेको देखिन्छ । यसरी खरिद गरिएका सफ्टवेयरको विश्वसनियता, दिगोपना र डाटाको सुरक्षा जस्ता सवाल मैजुदा रहेका छन् भने अर्को तर्फ यी कुनै पनि सफ्टवेयर संचालनमा आएको पाईएन। यसबाट राज्यको ठुलो रकम प्रयोग विहिन क्षेत्रमा खर्च भएको देखिन्छ ।गाउँपलिकाले आवश्यक जनशक्ति र तालिमको व्यवस्था गरेर सफ्टवेयर संचालन तथा व्यवस्थापनको लागी उचित ध्यान दिनुपर्ने देखिन्छ ।५ लाख भन्दा बढी रकमको परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन बमोजिम प्रस्ताव माग गरी खरिद गर्नुपर्नेमा दर्ता चलानी सफ्टवेयर सोझौ खरिद गरेकाले नियमित गर्नुपर्ने रु . | ७७५७४५.०० |
| ६१.१२. | भौ.नं.७५१, मिति २०७६।०३।२५ ना.प्रा.स. प्रेम खत्रीलाइ रु ४५०००।- भुक्तानी दिँदा नियमानुसार कट्टा गर्नुपर्ने अग्रिम आयकर १.५ प्रतिशत रकम रु ६७५।— अशुल गर्नुपर्ने । | ६७५.०० |
| ६१.१३. | भौ.नं.८१५, मिति २०७६।०३।३० सेवा परामर्श शिर्षकबाट माटो पटान भनी झगरु थारुलाई रु ४५०००।- भुक्तानी दिइएको रकम नियमित देखिएन पूँजीगत शिर्षकबाट लेख्नुपर्ने खर्च चालु शिर्षकबाट बिनियोजन गरि लेखेको खर्च नियमित हुनुपर्ने रू... | ४५०००.०० |
| ६१.१४. | भौ.नं.२५९, मिति२०७६।०३।१८ विरुमयको घरदेखि मुल नहर सम्मको पक्कि नाला निर्माण उपभोक्ता समितिलाइ ४०००००।— भुक्तानी दिइएकोमा यसरी भुक्तानी दिदा श्रमदान वापत बढी भुक्तानी हुन गएको रकम रु १२८६५।— असुल गर्नु पर्ने रू. | १२८६५.०० |
| ६१.१५. | भौ.नं.३६१, मिति २०७६।०३।२४ चुकेनाला मौला टोला तटवन्धन वाटो निर्माण गर्न रु २५७००४३।१४ को लागत स्टिमेट अनुसार उपभोक्ता समितिलाइ रु २५०००००।- गाँउपालिकाबाट अनुदान दिने उल्लेख भएतापनि २४९७६७३।५९ को कार्य सम्पन्न विल उठेकोमा २५०००००।- नै भुक्तानी हुन गएको हुदा बढी भुक्तानी हुन गएको रकम रु २३२७।- असुल गर्नु पर्ने रु.. | २३२७.०० |
| ६१.१६. | भौ.नं.३७६, मिति २०७६।०३।२७ भट्टराई कन्स्ट्रक्सनलाई रु १९६४४६५। भुक्तानी दिदा भ्याट सहित बिमा वापत रु ३८७८८।८० भुक्तानी दिदा भ्याट सहित २९०७०।८१ को मात्रै विल सलग्न रहेको हुदा विल बाहेकको रकम रु ९७१७।९९ असुल गर्नु पर्ने रू. | ९७१७.०० |
| ६१.१७. | भौ.नं.३८७, मिति २०७६।०३।२७ पुँजिगत सडक तथा पुल निर्माणबाट सुनाजाती विशेष कार्यक्रमको लागि खरिदार देव बहादुर के.सि लाइ रु ५०००००। भुक्तानी दिइएको पाइयो। जसबाट ५६ बाखा प्रति बाखाको ८००० का दरले रु ४४८००० नियमसंगत नदिखिएको रु...... | ४४८०००.०० |
| ६१.१८. | भौ.नं.३९१, मिति २०७६।०३।२७ मुदइ स्कुलको ४ कोठे भवन निर्माणको लागी लक्ष्मी मा वि लाई रु ४०००००। भुक्तानी दिइएको पाइयो । विधालयले विजक नं २५४७ मिति २०७६।०२।०८ प्रकाश टेर्डर्स कोहलपुर ११ बाँकेबाट रु ४०००२०।५० को टि एम टि छड खरिद गरेकोमा नियमानुसार भ्याट वाहेकको रकम रु ३५४००० को १.५ प्रतिशत अग्रिम आयकर ५३१० कट्टी नभएको रकम अशुल गर्नुपर्ने रू....... | ५३१०.०० |
| ६१.१९. | भौ.नं. ४३८, मिति २०७६।०३।३१ दिप प्रकाश आधारभुत विधालय लालपुरलाइ रु ९६९९९९।- भुक्तानी दिदा बढि भुक्तानी हुन गएको रकम रु ३५९९३।- असुल गर्नु पर्ने रू.... | ३५९९३.०० |
| ६१.२०. | भौ.नं. १४३, २०७६।०३।२५ ना.प्रा.स. महेन्द्र खड्काले कृषक पाठशाला सञ्चालन गर्दा कर कट्टि नभएको पारिश्रमिक कर रकम रु ३२०० र वहाल कर रकम रु ८७५।- दाखिला गर्नु पर्ने रू..... | ४०७५.०० |

<table>
<tr>
<td>६२.</td>
<td>पेश्की बांकी : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम दिएका पेश्कीहरु नियमअनुसार फछ्र्यौट गर्नु पर्दछ।निम्नबमोजिमका पदाधिकारी, कर्मचारी, उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई दिएको पेश्की आर्थिक बर्षको अन्तसम्म फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th><th>म्याद</th></tr>
<tr><td>लाहुराम थारु</td><td>९४०५०</td><td></td></tr>
<tr><td>सहारा स्पोर्ष्ट क्लब</td><td>२००००</td><td></td></tr>
<tr><td>लक्षित वर्ग आयआर्जन कार्यक्रम उपभोक्ता स.</td><td>३०००</td><td></td></tr>
<tr><td>कुशुम एम्बुलेन्स प्रबन्ध एवं खरिद समिति</td><td>२०००००</td><td></td></tr>
<tr><td>सन्तोष चौधरी</td><td>३५०००</td><td></td></tr>
<tr><td>ज्ञान बाबु कोरी</td><td>१००००</td><td></td></tr>
<tr><td>अकवर अलि शेष</td><td>३००००</td><td></td></tr>
<tr><td>सीताराम थारु</td><td>५०००</td><td></td></tr>
<tr><td>इम्पेटस टेक्नोलोजी नेपाल प्रा लि</td><td>८०००००</td><td></td></tr>
<tr><td>इम्पेटस टेक्नोलोजी नेपाल प्रा लि</td><td>८०००००</td><td></td></tr>
<tr><td>लक्ष्मी माध्यामिक विद्यालय</td><td>३८८०००</td><td></td></tr>
<tr><td>नरहरी भण्डारीको घर देखि कालोपत्रे निर्माण उपभोक्ता समिति</td><td>१५०००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>२४०००५०.००</td><td></td></tr>
</table>
</td>
<td>२४०००५०.००</td>
</tr>
<tr>
<td>६३.</td>
<td>समपरिक्षण सम्बन्धि व्यहोरा : कार्यालयले बेरुजु फछ्र्यौट गरि समपरिक्षणको लागी अनुरोध गरे अनुसार देहायबमोजिम बेरुजु सम्परिक्षण गरिएको छ।
<table>
<tr><th>आ.व</th><th>बेरुजु दफा</th><th>सम्परिक्षणको छोटकरी व्यहोरा</th><th>सम्परिक्षण रकम</th></tr>
<tr><td>२०७४।७५</td><td>८६</td><td>उपाध्यक्ष धनकुमारी खत्रीले पेश गरेको बिल भरपाई बमोजिम पेश्की फछ्र्यौट गरेकोले सम्परीक्षण</td><td>१७१६००.००</td></tr>
<tr><td>२०७४।७५</td><td>४३</td><td>दमकला जैसिको सिलाई कटाइ तालिम संचालनको तालिम प्रतिवेदन र सिलाइ मेसिन दाखिला प्रमाण पेश भएको आधारमा संपरीक्षण</td><td>२०००००.००</td></tr>
<tr><td>२०७४।७५</td><td>५१</td><td>सूचना प्रविधि अधिकृत सागर चौधरीले करारनामा प्रमाण कागजात पेश गरेको आधारमा संपरीक्षण</td><td>२०५५१७.००</td></tr>
<tr><td>२०७४।७५</td><td>३४</td><td>बुद्धिराज भण्डारीको ज्येष्ठ नागरिकलाई कम्बल वितरण गरि भर्पाइ पेश गरेको आधारमा संपरीक्षण</td><td>६४००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५८३५१७.००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६४.</td>
<td>अनुगमन परिक्षण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्याट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले वेरुजु फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेको बेरुजु सम्परीक्षण गरि निम्नानुसार कायम भएको छ।</td>
<td></td>
</tr>
</table>

| गत वर्षसम्मको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| **९०५३६०००.००** | **५८३५१७.००** | **८९९५२४८३.००** |

६५. **अद्यावधिक बेरुजु स्थिति :** राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| **८९९५२४८३.००** | **–** | **४०४८६०७६.८५** | **१३०४३८५५९.००** |

अनुसूची-१

## राप्तिसोनारी गाउँपालिकाको
## स्थानीय संचितकोषको विवरण
## २०७५।७६

(रु. हजारमा)

| स्थानीयतहको नाम | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | जम्मा खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | | |
| | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५–९) |
| राप्ती सोनारी गाउँपालिका | बाँके | ५३७९१ | १६९५९८ | २२६९५० | ३६४६३४ | ७६११८२ | ३२७६३५ | २२२४५७ | १६२४१४ | ७१२५०६ | १०२४६७ |

अनुसूची-२

## (विनियोजन, राजश्व, धरौटी र अन्य कारोवार)
## २०७५/७६

| स्थानीयतहको नाम | जिल्ला | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | कर्म चारी | अन्य | जम्मा |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी | सोधभर्ना नलिएको | जम्मा | | | |
| राप्ती सोनारी गाउँपालिका | बाँके | ५८ | ५० | ४०४८६ | ० | ० | ० | ५८ | ५० | ४०४८६ | १२६२८ | ५६१३ | १९८४५ | ० | ० | २५४५८ | १७४ | २२२६ | २४०० |

अनुसूची- ३

## बेरुजुको अद्यावधिक स्थिति

(रु. हजारमा)

| स्थानीयतहको नाम | जिल्ला | गत बर्षसम्मको बाँकी | यो बर्षको फछ्र्यौट | बाँकी | यो बर्ष सं.प. बाट कायम भएको बेरुजु | यो बर्षको बेरुजु | कूल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|
| राप्ती सोनारी गाउँपालिका | बाँके | ९०५३६ | ५८३ | ८९९५३ | ० | ४०४८६ | १३०४३९ |